नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(..............................शाखा)
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

मिति : .............................

# प्रेस विज्ञप्ति

आज मिति २०७२ साल फागुन १२ गते तद्अनुसार २०१६ फेब्रुवरी २४ का दिन बिहान पोखराबाट जोमसोमका लागि उडेको तारा एयरको 9NAHH कलसाइनको विमान म्याग्दीको दाना गा.वि.स. को तिर्खेढुंगामा भएको दुर्घटनाप्रति सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले दुःख ब्यक्त गर्नुभएको छ । प्रधानमन्त्रीले यस दुर्घटनामा ज्यान गुमाएका स्वदेशी तथा विदेशी नागरिकहरुप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै आफन्तजनहरुमा गहिरो समवेदना प्रकट गर्नुभएको छ ।

प्रधानमन्त्रीले घटनाको खवर प्राप्त गरे लगत्तै सँस्कृति, पर्यटन तथा नागरिक उडयन मन्त्री आनन्द पोखेललाई टेलिफोन गरेर मृतकहरुको शव यथासक्य चाँडो आफन्तजनलाई बुझाउने व्यवस्था मिलाउन निर्देशन दिनुभएको छ । यसैगरी उद्धारकार्यका लागि खट्न तीनवटै सुरक्षा निकाय र सरोकारबालाहरुलाई प्रधानमन्त्रीले आग्रह गर्नुभएको छ ।

यस दुर्घटनामा सम्बन्धमा नेपाल सरकारले तत्कालै उच्च स्तरीय दुर्घटना जाँच आयोग गठन गरेर सत्यतथ्य यथाशिघ्र सार्वजनिक गर्न समेत सम्माननीय प्रधानमन्त्रीले निर्देशन दिनु भएको व्यहोरा सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

२०७२।११।१२

(उत्तरकुमार खत्री)
प्रवक्ता/सहसचिव

सिंहदरबार, काठमाडौं ।
२०७२।११।१२

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np